बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

च.नं. १६३ (२०७९/८०)  प.सं.: १६३/२०७९/८०  मितिः २०८०।०१।११

## सूचना !  सूचना !!  सूचना !!!

(पुरानकोट गढीमा क्यान्टिन सञ्चालनको लागि सिलबन्दी दरभाउ-पत्र पेश गर्ने सम्बन्धी)

(प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१२)

बेसीशहर नगर कार्यपालिकाको निर्णयानुसार बेसीशहर नगरपालिका वडा नं. ४, पुरानकोट स्थित पुरानकोट गढी (स्तुपा) मा क्यान्टिन सञ्चालनका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक फर्म वा व्यवसायीहरुले फर्मको नवीकरण भएको प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयको राजश्व शाखा (०६६-५२०१५०) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

### ठेक्काको विवरण

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | वडा नं. | न्यूनतम ठेक्का रकम | टेण्डर फाराम दस्तुर | कै |
|---|---|---|---|---|---|---|
| १ | २७ | पुरानकोट गढीमा क्यान्टिन सञ्चालन सम्बन्धी कार्य | ४ | १,५०,००० \|- | १,००० \|०० | |

### शर्तहरु

१. दरभाउ पत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १५औं दिनसम्म कार्यालय समय ५:०० वजेभित्र वेसीशहर नगरपालिकाको राजश्व शाखावाट खरिद गर्न सकिनेछ ।

२. दरभाउ पत्र सम्बन्धी फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कवोल गरेको अंकको ५% का दरले हुन आउने धरौटी रकम रा.वा. वैंक, वेसीशहरमा रहेको धरौटी खाता नं. ३०४०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल वैंक भौचर सक्कल प्रति पेश गरेको हुनुपर्नेछ ।



इमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत

४. क्यान्टिन सञ्चालकले ठेक्का रकम सहित क्यान्टिनबाट उपलब्ध गराउने परिकारहरुको विवरण र मूल्य सूची सहितको दररेट संलग्न गरी प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपाईटरको नाम, ठेगाना, फोन नं./मोवाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ ।

५. प्रचलित नियमानुसार कालोसूचीमा नपरेका र कार्यालयलाई बुझाउन बाँकी बक्यौता नभएका फर्म वा व्यवसायीहरु सम्बन्धित निकायमा दर्ता गरी यस कार्यालयमा अनिवार्य सूचिकृत भएको हुनुपर्नेछ । स्थानीयलाई प्राथमिकता दिइनेछ ।

६. एउटा फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउ-पत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रितपूर्वक पर्न आएका सिलबन्दी दरभाउ पत्रहरु अन्तिम दिनको २:०० बजे कर्मचारी वा ठेकेदार पक्षको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै, दरभाउ पत्रदाता वा निजको प्रतिनिधी दरभाउ पत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउ-पत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन समयाभाव वा विशेष कारणवश सो कार्य गर्न नसकेमा भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ ।

७. यो सूचना प्रकाशित भएको मितिले १०औं दिनको २:०० बजे यस कार्यालयमा प्रि-बिड बैठक बस्नेछ । इच्छुक दरभाउ-पत्र दाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

८. क्यान्टिन संचालनको लागि गुम्बाको पछाडीपट्टी उत्तरतर्फ रहेको भवन उपलब्ध गराइने छ । भवनको संरक्षण गर्नु स्वयं क्यान्टिन सञ्चालकको समेत हुनेछ । क्यान्टिन प्रभावकारी र व्यवस्थापनका लागि आवश्यक चिम्नी, टायल, मार्वल तथा ट्रस आदि प्रयोग गर्नु पर्ने भएमा कार्यालयको सहमतिमा कार्य गर्न सकिनेछ । विशेष परिस्थिति पैदा भई क्यान्टिन संचालन गर्न नसक्ने भएमा १ महिना अगावै यस कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

९. दरभाउ पत्र स्वीकृत भएमा सोको सूचना पाएको वा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र आफूले कवोल गरेको मासिक भाडा रकमको ३ महिनाको भाडा रकम जम्मा गरेको भौचर सहित यस कार्यालयमा सम्पर्क गर्नु पर्नेछ । अन्य रकम महिना समाप्त भएको ५ (पाँच) दिन भित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ । भाडा रकममा घरवहाल कर छुट हुने छैन ।

१०. तोकिएको म्याद भित्र सम्पर्क हुन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार अन्य दरभाउ-पत्रदातासँग ठेक्का बन्दोबस्त गरिनेछ । क्यान्टिन सञ्चालनमा लाग्ने पानी तथा विजुलीको नियमानुसार शुल्क सम्वन्धित पक्षले नै मासिक रुपमा नै भुक्तानी गर्नु पर्नेछ । नबुझाएमा हर्जना समेतको रकम असूल उपर गरिने छ ।

११. क्यान्टिन सञ्चालकले यस कार्यालयबाट स्वीकृत भएको चिया, खाजा, खानाका परिकारहरुको मूल्य सूची अनिवार्य टाँस गर्नु पर्नेछ ।

हुमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत

१२. क्यान्टिनमा मदिराजन्य तथा सूर्तिजन्य पदार्थहरुको बिक्री वितरण गर्न पाइने छैन । गुम्वा परिसरमा असर पर्ने गरी कुनै किसिमका होहल्ला तथा फोहरमैला गर्न पाइने छैन । फोहर मैलाको व्यवस्थापन क्यान्टिन सञ्चाकल स्वयंले गर्नुपर्नेछ । आधिकारिक निकायबाट भएको अनुगमनका क्रममा सरसफाई लगायत खाद्य परिकारहरु गुणस्तरयुक्त नभएमा त्यसमा लाग्ने खर्चसमेत कटाई नियमानुसार कार्यवाहीको प्रकृया अगाडि बढाइने छ । साथै, गुणस्तरयुक्त भएमा थप अवधिको लागि समेत क्यान्टिन सञ्चालनको लागि म्याद थप गर्न सकिनेछ ।

१३. तोकिएका शर्तहरु पालना गरेको नपाइएमा यस कार्यालयले जुनसुकै बेला यो सम्झौता रद्ध गर्न सक्नेछ ।

१४. दरभाउ पत्र सम्वन्धी विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुग वा शर्तसहित पेश हुन आएका दरभाउ पत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१५. “स्थानीय सरकार संचालन ऐन, २०७४” तथा अन्य प्रचलित कानूनहरु यस ठेक्का सम्झौताका अभिन्न अंग रहने छन् ।

.............................

इमनाथ कडेल
प्रमुख प्रशासकीय अधिकृत
बेसीशहर नगरपालिका, लमजुङ

इमनाथ कंडेल
प्रमुख प्रशासकीय अधिकृत